मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince, Nepal


संख्या : ०७७/७८
चलानी नं.:

मिति:२०७७।१०।१५

## मतदाता नामावली अद्यावधिक (दावी बिरोध समेत) गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ॥

यही मिति २०७७ माघ १५ देखि २१ गते सम्म निर्वाचन आयोगले देशभरका सबै स्थानिय तहका केन्द्रमा मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम संचालन गर्दैछ । उक्त कार्यक्रम अनुसार २०७७ माघ १५ गते यस मण्डनदेउपुर नगरपालिकामा मतदाता नामावली प्रकाशन हुनेछ । २०७७ माघ १६ देखि १८ गतेसम्म मतदाता नामावलीमा रहेको नाम र विवरणमा रहेको त्रुटि सच्याउन, दोहोरो नाम हटाउन निवेदन दिन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउनका लागि सूचना दिन सकिनेछ । कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा २०७७ माघ १६ र १७ गते उजुरी दिन सकिनेछ । तसर्थ उपरोक्त अनुसारको निर्धारित मितिमा मतदाता नामावलीमा रहेको आफ्नो नाम र विवरणमा कुनै त्रुटि भए त्रुटि सच्याउन एवम आफ्नो दोहोरो परेको भए हटाउन निवेदन दिनुहुन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन सूचना दिन र कसैले झुटा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिनुहुन सम्बन्धित सबैमा सुचित गरिन्छ ।

निवेदन दिने स्थान : मण्डनदेउपुर नगरपालिकाको कार्यालय, महादेवस्थान, काभ्रपलाञ्चोक ।

निवेदन दिने मिति : २०७७ माघ १६ देखि १८ गतेसम्म

दावी विरोधको निवेदन मिति : माघ १६ र १७ गते

नोट : त्रुटि सच्याउन माग गर्नुहुने निवेदकले नागरिकता प्रमाण प्रत्रको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने छ ।

२०७७।१०।१५
सहायक नाम दर्ता अधिकारी

२०७७।१०।१५
..............................
(प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत